# रत्ननगर नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
रत्ननगर, चितवन
३ नं. प्रदेश, नेपाल

**सूचना प्रकासित मिति : २०७४/१०/२२**

**सूचना ! सूचना !! सूचना !!!**

रत्ननगर नगरपालीका, रत्ननगर, चितवनको आ.व.२०७४।०७५ को स्वीकृत कार्यकम अनुसार सहकारी खेती साना सिंचाई मल विउ ढुवानी कार्यकम अन्तरगतको भुमीगत सिंचाई डिप तथा स्यालो बोरीङ्ग निर्माण कार्यक्रम कृषक समूह/कृषि सहकारी/जलश्रोत ऐन २०४९ अन्तर्गत मान्यता प्राप्त स्थापित जल उपभोक्ता संस्था वा अन्य कुनै सरकारी निकायवाट कृषि बिकासको लागि स्थापित कृषक समूह/उपभोक्ता समितिहरुको सहभागितामा संचालन गरिने लक्ष छ । *तपसिलमा उल्लेखित सर्तको परिधिभित्र रही आवेदन गर्नको लागी सम्बन्धित सबै लाई जानकारी* गराईन्छ । आवेदन फाराम सम्वन्धित वडा कार्यालय वा नगरपालीकाबाट प्राप्त गर्न सकिने छ । थप जानकारीको लागि सम्बन्धित वडा कार्यालयहरु र रत्ननगर नगरपालीका (कृषि विकास शाखा ०५६-५६३२६६) मा सम्पर्क राख्न सकिने छ ।

**<u>सिंचाई आयोजनाहरुको माग गर्दा अपनाईने सर्तहरु :</u>**

१ स्वीकृत बजेटको परिधिभित्र रही माग तथा सम्भाव्यताको आधारमा रत्ननगर नगरपालीका, रत्ननगर, चितवनले विनियोजीत रकम आर्थिक सहयोग गर्न सकिनेछ ।

२ सिंचाईको लागि आबेदन गर्ने कृषक समूहहरु तथा व्यवसायीक पकेट क्षेत्रहरुलाई प्रमुख प्राथमिकता दईनेछ । साथै जलश्रोत ऐन २०४९ अन्तर्गत मान्यता प्राप्त स्थापित जल उपभोक्ता संस्था वा अन्य कुनै सरकारी निकायवाट कृषि बिकासको लागि स्थापित कृषक समूहहरु वा उपभोक्ता समितिहरु पनि आबेदन गर्न सक्नेछन । हाल कुनै पनि सिंचाई आयोजनाबाट सिंचाई सुबिधा उपलव्ध नभएको स्थान, विभिन्न बाली पकेट क्षेत्रलाई सिंचाई पुग्ने स्थान, भूमिगत सिंचाईबाट सिंचाई हुने क्षेत्र, दलित, जनजाती, विपन्न, महिला कृषक समूहहरुको वाहुल्यता रहेको नयाँ योजनालाई प्राथमिकता दिईने छ ।

३ स्थानीय श्रोतको उपयूक्त परिचालन गर्न सक्ने र आयमूलक कृषि व्यवसायिकरण तर्फ उन्मूख गराउने कार्यस्थललाई प्राथमिकता दिईनेछ ।

४ गत बर्षहरुमा यस नगरपालीकाबाट सहयोग पुऱ्याईएका आयोजनाहरु र ज.उ.स.हरुले यस बर्ष प्राथमिकता पाउने छैनन ।

५ आयोजना माग गर्नको लागि तोकिए अनुसारको निवेदन फाराममा उल्लेख भएका विवरणहरु भरि पेश गर्नुपर्ने छ । निवेदन फारामहरु रत्ननगर नगरपालीकाका सम्बन्धित वडा कार्यालयहरु र रत्ननगर नगरपालीका (कृषि विकास शाखा) वाट प्राप्त गर्न सकिने छ ।

६ निवेदन फाराम दर्ता गराउँदा सिचाई आयोजनाको लागि रु.१०० (एक सय) राजश्व वापत बुझाई रकम बुझाएको नगदी रसिद निवेदन साथ पेश गर्नु पर्ने छ । आबेदन सम्वन्धित वडा कार्यालयहरुमा २०७४/११/०७ सम्म (सो दिन सार्वजनिक विदा परे सो को भोली पल्ट सम्म ) रित पुऱ्याई कार्यालय समयभित्र पेश गर्नु पर्ने छ । वडा कार्यालयहरुले २०७४/११/१२ गते भित्र रत्ननगर नगरपालीकामा सम्पूर्ण आबेदनहरु प्राथमिकिकरण गरि पेश गर्नुपर्ने छ ।

७ माग भै आएका निबेदनहरुको प्रारम्भिक छनौट आर्थिक विकास समितिबाट तोकीएको समितिले गरि बोर्ड बैठकमा पेश गरिनेछ र सो बैठकबाट पारित भएपछि योजनाहरुको प्राविधिकहरुले सर्बेक्षण गरी लागत अनुमानको कार्यगरी योजना संचालन गरिनेछ ।

प्रमुख प्रशासकिय अधिकृत

फोन नं.: ०५६-५६०५२९, ५६०५०६, फ्याक्स: ०५६-५६२४८७
E-mail: ratna.municipal@gmail.com, website: www.ratnanagarmun.gov.np

८ कुनै आयोजनाहरु संचालनको लागि यस कार्यालय बाहेक अन्य सरकारी तथा गैह्र सरकारी निकायसंग आवद्ध भै योजना संचालन गर्ने भए सो को सम्पूर्ण बिवरण सम्झौता गर्नु भन्दा पहिले नै रत्ननगर नगरपालीकामा पेश गर्नु पर्ने छ। यसो नगरि सोही आयोजनाको लागि अन्य निकायहरुसंग आवद्ध भै कार्य गरेको पाईएमा नगरपालीकाले रकम भूक्तानी गर्न बाध्य हुने छैन।

९ सिंचाई योजनाको वारेमा थप बिवरण आवश्यक परेमा रत्ननगर नगरपालीका (कृषि विकास शाखा ०५६-५६३२६६) वा नजिकको वडा कार्यालयमा बुझ्न सकिनेछ। कुनै सर्त राखी पेश भएको निबेदन माथि *कार्यवाही गरीने छैन।*

१० आवेदन गर्ने सबै समूह/उपभोक्ता समिति सहकारीहरुलाई रकम छुट्याउन विनियोजित बजेटबाट नपुग हुनसक्ने अवस्थामा प्राथमिकताको आधारमा आयोजनाको लागि रकम स्वीकृत गरिने हुँदा दर्ता भएका सबै निवेदन वमोजिमका आयोजनाहरुमा रकम स्वीकृत नहुन पनि सक्नेछ।

११ **आबेदनका साथ पेस गर्नु पर्ने कागजातहरु :-**

- रु १००।- (एक सय) राजस्व तिरेको रसिद।
- सम्वन्धित वडा कार्यालयहरुको सिफारिस।
- समूह सहकारी वा संस्था दर्ताको प्रमाण पत्र उपभोक्ता समिति गठनको निर्णय प्रतिलिपि।
- योजना संचालन गर्नको लागि कृषक समूह/कृषि सहकारी/जलश्रोत ऐन २०४९ अन्तर्गत मान्यता प्राप्त स्थापित जल उपभोक्ता संस्था वा अन्य कुनै सरकारी निकायवाट कृषि बिकासको लागि स्थापित कृषक समूह/उपभोक्ता समितिहरुको निर्णय प्रतिलिपि।
- अन्य कुनै संस्थाले सहयोग गर्ने भए त्यस संस्थाको प्रतिबद्धता पत्र अनिवार्य रुपले पेश गर्नु पर्नेछ।
- क्षेत्रफलको हकमा स्यालो बोरीङ्गको लागी ४ विगाह र डिप बोरिङ्गको लागी २० विगाहा क्षेत्रफल हुनु पर्नेछ।

नि. प्रमुख प्रशासकिय अधिकृत